# स्थानीय राजपत्र

गौरीशंकर गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड २ | संख्या ९ | मितिः २०७६/०१/०३ |
|---|---|---|

**भाग १**

**गौरीशंकर गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन संख्या ९


# स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

**प्रस्तावनाः**

स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको प्रमुख जिम्मेवारी रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम गौरीशंकर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

गौरीशंकर गाउँपालिका, दोलखा

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो ऐनलाई **"स्वास्थ्य तथा सरसफाई ऐन, २०७५"** भनिनेछ ।

(ख) गाउँ सभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अनुगमन समिति"** भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनुपर्दछ ।

(ख) **"आम्ची सेवा"** भन्नाले जडिबुटीको माध्यमबाट गरिने उपचार सेवालाई सम्झनुपर्दछ ।

(ग) **"ऐन"** भन्नाले गौरीशंकर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ लाई सम्झनुपर्दछ ।

(घ) **"कार्यपालिका"** भन्नाले गौरीशंकर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) **"ट्रष्ट वा लोककल्याणकारी"** भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

(च) **"निजी"** भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनुपर्दछ ।

(छ) **"व्यवस्थापन समिति"** भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(ज) **"सरकारी वा सामुदायिक"** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

(झ) **"संघीय ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनुपर्दछ ।

(ञ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाई समेतलाई सम्झनुपर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन्ः

**(क) सरकारी वा सामुदायिकः** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी, सामुदायिक स्वास्थ्य ईकाई जस्ता सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) **निजीः** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ** : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछन् ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार** :

(१) स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन

समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुनेछः

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - **अध्यक्ष**

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - **सदस्य**

(ग) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - **सदस्य**

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - **सदस्य**

(ङ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - **सदस्य सचिव**

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा  सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

६. **स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द र सामुदायिक स्वास्थ्य इकाई (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।

(क) सम्बन्धित वडा अध्यक्ष — **अध्यक्ष**

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशिल महिलामध्ये वडा समितिबाट मनोनित १ जना — **सदस्य**

(घ) स्वास्थ्य संस्था रहेको वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक — **सदस्य**

(ङ) सम्बन्धित वडाको वडा सचिव — **सदस्य**

(च) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख — **सदस्य सचिव**

(२) **स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुनेछन् :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेका समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. **बैंक खाता संचालन :** हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता वडाको वडा सचिव र स्वास्थ्य संस्था व्यवस्थापन समितिको सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः २

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

(१) **अस्पताल :** संघीय सरकारद्धारा तोकिएको मापदण्डमा गाउँपालिका आफैंले १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) **स्वास्थ्य चौकी :** तोकिएको मापदण्डमा गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

**(क) जनशक्ति :** स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना,

अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु ।

**(ख) भवन कोठा :** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

**(ग) उपकरण :** प्राथमिक उपचारका आधारभूत उपकरण

(३) **सामुदायिक स्वास्थ्य ईकाई :**

(१) तोकिएको मापदण्डमा गाउँपालिकाले लाभान्वित जनसंख्याको आवश्यकताका आधारमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी सामुदायिक स्वास्थ्य ईकाई सञ्चालन गर्न सक्नेछ ।

**(क) जनशक्ति :** स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) वा अहेव १ जना, अनमी १ जना, आवश्यकतानुसार सहायक कर्मचारीहरु ।

**(ख) भवन कोठा :** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

**(ग) उपकरण :** प्राथमिक उपचारका आधारभूत उपकरण

(२) सामुदायिक स्वास्थ्य ईकाइको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था संघीय र प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी तोकिए बमोजिम हुनेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममुलक र वैकल्पीक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नसक्नेछ ।

९. **निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने :**

(१) संघीय सरकारद्वारा तोकिएको मापदण्ड नघट्ने गरी गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा

अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले तिस दिन भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

१०. **अस्पताल संचालन गर्न आवश्यक मापदण्डः** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ शैया सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) **जनशक्ति :** कम्तिमा २ जना एम.वि.वि.एस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) **भवन तथा कोठा :** दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष,

प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ

(३) **उपकरण र पूर्वाधार :** सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

११. **पोलिक्लिनिक संचालनको अनुमती :**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनुपर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

१२. **प्रयोगशाला वा ल्यावोरेटोरी संचालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनुपर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्यावमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्यावमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

१३. **फार्मेसी संचालनको अनुमती :**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु, शैक्षिक प्रमाणपत्र, नागरिकता र हाल बसोबासको ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने र निजलाई कसुर अनुसारको सजाय गरिनेछ ।

(२) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने र निजलाई कसुर अनुसारको सजाय गरिनेछ ।

१५. **सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिन्हा दिनुपर्नेछ ।

## परिच्छेद: ३

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

१६. **स्वास्थ्यकर्मीको व्यवस्थापन :** गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन् :

(१) **स्थायी:** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु ।

(२) **करार:** स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत सेवा करारमा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) **अभ्यासकर्ता:** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

१७. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था:** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम कक्षा-८ अध्ययन गरेको सम्बन्धित वडाको नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा आवश्यकता अनुसार प्रति २०० जनसंख्याको लागि १ जना भन्दा कम नहुने गरी महिला स्वयंसेविका र ३०० जनसंख्याको लागि १ जना भन्दा कम नहुने गरी पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नसक्नेछ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी १५ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर वा ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरि बिदाइ गरिने छ र नयाँ नियुक्ती गर्दा कम्तिमा ८ (आठ) कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइनेछ ।

१८. **स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) **स्थायी स्वास्थ्यकर्मी**ः नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(२) **करार स्वास्थ्यकर्मीः** प्रचलित तलव स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) **अभ्यासकर्ता स्वास्थ्यकर्मीः** निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) **अभियानकर्ता/स्वयंसेविकाः** पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत वा स्वास्थ्य सेवा सम्बन्धी अभियानमा काममा खटाईएको समयमा यातायात वा खाजा खर्च जस्ता सुविधाहरु उपलव्ध गराउन सकिनेछ ।

१९. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ती :** सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – **संयोजक**

(ख) गाउँ कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना विषय विज्ञ – **सदस्य**

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – **सदस्य सचिव**

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **कर्मचारी सरुवा :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्नेछ । विशेष परिस्थिती बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनसक्नेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२१. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र स्वास्थ्य संस्थाका प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. **कार्य सम्पादन मूल्यांकन र पुरस्कार तथा सजाय :**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई एक पटकका लागि मौका प्रदान गरी दण्डित गर्न सकिनेछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ४

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२३. **वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

२४. **औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउनेछ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ।

२५. **औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण** :

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद वार्षिक खरिद योजना बमोजिम गर्नुपर्ने छ। सम्वन्धित स्वास्थ्य चौकीले माग गरे बमोजिम २०% मा नबढाइकन खरिदको परिमाण निर्धारण गर्नुपर्ने छ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य नियमानुसार सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्वन्धित सामुदायकि स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त

गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ५

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२६. **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

२७. **सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

२८. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वास्थ्य खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ६

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

२९. **रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा आवद्ध गराउनु पर्नेछ ।

३०. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

३१. **सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) यस सम्बन्धि अन्य व्यवस्था संघीय र प्रादेशिक कानून बमोजिम हुनेछ ।

३२. **सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ७

## विविध

३३. **प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा मार्फत गाउँपालिकाबाट सिफरिश लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३४. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने:** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३५. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

३६. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ

र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३८. **पुनरावेदन लाग्ने :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

३९. **नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४०. **संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

४१. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ तर यस्तो आदेश गाउँसभाबाट ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

४२. **बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन् ।

**प्रमाणीकरण मितिः २०७६।०१।०२**

**आज्ञाले,**
**प्रदिप कुमार खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**